जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २४८ पृष्ठः ४ | २०८१ माघ १६ गते बुधबार (Wednesday 29 Jan. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## करेन्ट लागेर एकको मृत्यु

**देवराम प्रसाद यादव**

सप्तरी, १५ माघ। सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका २ स्थित भुर्कीमा मङ्गलबार करेन्ट लागेर युवकको मृत्यु भएको छ। कृष्णासवरन गाउँपालिका २ भुर्कीका ४० वर्षीय युवक सञ्जय कुमार चौधरीको करेन्ट लागेर मृत्यु भएको हो। चौधरी घर नजिकै मोटरबाट प्याज बारीमा पानी लगाउने क्रममा तारबाट करेन्ट लागेर सख्त घाइते भएपछि उपचारको क्रममा राजविराज अस्पतालमा मृत्यु भएको सप्तरी जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिए। उनका अनुसार मृतकको शव परिक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पठाइएको छ।

## यात्रुवाहक बसमा एक पुरुषको शव फेला



**विजयकुमार साह**

ढल्केबर, १५ माघ। काठमाडौंबाट जनकपुरतर्फ आउँदै गरेको यात्रीवाहक बसमा एक जना पुरुषको शव फेला परेको छ। मङ्गलबार बिहान मधेश प्र ०४ ००१ ख ०१५७ नम्बरको बसमा एक भारतीय नागरिकको शव फेला परेको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय ढल्केबर धनुषाका प्रहरी निरीक्षक जटाशङ्कर यादवले मृतक भारतको मधुवनी जिल्ला सिम्रीटोल निवासी अन्दाजी ७० वर्षीय जगदीश यादव रहेको बताए। उनका अनुसार बस लालगढमा यात्रीहरु शौचालयका लागि ओर्लिएको समयमा यादवलाई मृत अवस्थामा भेटिएको थियो। उनी सोमबार साँझ काठमाडौंबाट जटहीका लागि बसमा चढेको थियो। तत्काल मृत्युको कारण हालसम्म खुल्न नसकेको बताउँदै प्रहरी निरीक्षक यादवले शव परीक्षणपछि मात्रै मृत्युको वास्तविक कारण थाहा हुने जानकारी दिए। बसलाई हाल इलाका प्रहरी कार्यालय ढल्केबरले नियन्त्रणमा लिएको छ। यस विषयमा थप अनुसन्धान जारी रहेको उनले बताए।

## चालु आर्थिक वर्षमा मधेस प्रदेश सरकारको बजेट खर्च न्यून

जनकपुर, १५ माघ। मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षमा अत्यन्त न्यून मात्रामा बजेट खर्च गरेको छ। मधेस प्रदेश लेखा नियन्त्रकको कार्यालयका अनुसार चालु आवको पुस मसान्तसम्ममा कुल बजेटको पाँच दशमलव ८३ प्रतिशत अर्थात् रु दुई अर्ब ४४ करोड ६० लाख मात्र खर्च भएको छ। जसमा पुँजीगततर्फ एक दशमलव ३३ प्रतिशत तथा चालुतर्फ १३ दशमलव ५३ प्रतिशत खर्च भएको छ। मधेस सरकारले चालुतर्फ रु १५ अर्ब ३५ करोड ९१ लाख ४१ हजार र पुँजीगततर्फ रु २६ अर्ब ५७ करोड ४६ लाख ७९ हजार गरी कुल रु ४१ अर्ब ९३ करोड ३८ लाख २० हजार बराबरको बजेट विनियोजन गरेको थियो।

मधेस प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्राप्त विवरणमा विगत ६ महिनामा मुख्यमन्त्री कार्यालयको रु चार करोड ७५ लाख, अर्थ मन्त्रालयको रु चार करोड पाँच लाख, वाणिज्य तथा पर्यटन मन्त्रालयको रु सात करोड ९९ लाख खर्च भएको छ। त्यसैगरी भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयको रु १५ करोड ५२ लाख, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको रु २८ करोड ८६ लाख, गृह, सञ्चार तथा कानुन मन्त्रालयको रु तीन करोड ४८ लाख र वन तथा वातावरण मन्त्रालयको रु ३८ करोड तीन लाख खर्च भएको उल्लेख छ।

त्यसैगरी भौतिक पूर्वाधार विकास

**–बाँकी तीन पेजमा**

## नागरिकतामा बुबाको नाम नचाहिने !

काठमाडौं, १५ माघ। सरकारले नागरिकतामा बुबाको नाम उल्लेख गर्न नचाहनेको मागलाई सम्बोधन गर्दै नागरिकतासम्बन्धी विधेयक संशोधनका लागि प्रस्ताव संसद् पुऱ्याएको छ। गृहमन्त्री रमेश लेखकले मंगलबार नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनको विधेयक संसद् सचिवालयमा दर्ताका लागि पत्र पठाएका हुन्। "१ (क) उपदफा (५) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा र कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनुपर्ने स्थानमा कुनै बेहोरा उल्लेख नगरी दिनुपर्नेछ," प्रस्तावित विधेयकको दफा ४ मा उल्लेख छ।

त्यसैगरी, विधेयकमा बाबु वा आमामध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्नुअगावै मृत्यु भएको वा बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेकामा आमा सम्पर्कविहीन रहेको व्यक्तिको हकमा पनि वंशजको आधारमा नागरिकता दिने सकिने प्रस्ताव गरिएको छ। प्रस्तावित विधेयकमा नागरिकता प्राप्त गर्न चाहेको व्यक्तिका बुबाको नाम शैक्षिक प्रमाणपत्र वा अन्य कागजातमा भए पनि नागरिकतामा अनिवार्य गरिएको छैन।

**–बाँकी अन्तिम पेजमा**

## 'नेपाल र भारतबीच सद्भाव र आत्मीयता छ'



धनुषा, १५ माघ। मधेस प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपाल र भारतबीच सद्भाव र आत्मीयतापूर्ण सम्बन्ध रहेको बताएको छ। भारतको ७६औँ गणतन्त्र दिवसका अवसरमा सोमबार वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले आयोजना गरेको कार्यक्रममा उनले दुई देशबीच कूटनीतिक, धार्मिक, भाषिक, सांस्कृतिक र व्यापारिक सम्बन्ध रहेको बताए। उनले भारतको शान्ति, समृद्धि र प्रगतिको कामना गर्दै पछिल्लो समय नेपाल र भारतबीचको सम्बन्ध थप सुदृढ हुँदै गएको विश्वास व्यक्त गरे। मधेस प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले भारतको स्वतन्त्रता संग्राममा नेपालीहरूको महत्वपूर्ण योगदान रहेको भन्दै नेपाल–भारत सम्बन्ध अझ प्रगाढ हुँदै जाने विश्वास व्यक्त गरे।

भारतीय महावाणिज्य

**–बाँकी दुई पेजमा**




**सवैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं**

- शिक्षा प्रत्येक वालवालिकाको अधिकार हो यसलाई सुनिश्चित गरौं,
- सवै वालवालिकालाई विद्यालयमा पुऱ्याऔं,
- प्रौढ शिक्षा, अनौपचारिक शिक्षा मार्फत सवैलाई साक्षर वनाऔं,
- शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरौं,
- शिक्षामा लैङ्गिक समानता सुनिश्चित गरौं,
- प्राविधिक र व्यवसायिक शिक्षालाई जोड दिऔं,
- शिक्षामा सवैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं,
- साक्षरता कार्यक्रम सञ्चालन गरौ, साक्षर नेपाल निर्माण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## संसदीय कर्तव्य पूरा गरेर सरकारलाई जवाफदेही बनाऊ

संसद्को हिउँदे अधिवेशन नजिकिँदै गर्दा संसद् परिसरमा चहलपहल बढेको छ। सभामुख देवराज घिमिरे स्वयंले पनि सत्ता र विपक्ष दुवैतर्फका सचेतकहरूसँग गम्भीर परामर्श गरेर संसद्लाई गतिशील देखाउन अग्रसर देखिन्छन्। विगतका संसदीय निस्क्रियताबाट सभामुख स्वयं पनि असन्तुष्ट देखिएका छन्। हुन पनि संविधानअनुरूप कानुन निर्माण नगरेको दोष संसद्माथि लागेको छ। वर्षौंसम्म संसद् तथा संसदीय समितिमा विधेयक विचाराधीन हुनुको अपजस कसले लिने ? सरकार अपजस लिन तयार देखिँदैन। हुन पनि विधेयक प्रस्तुत नगर्नु वा 'बिजनेस' नदिनुमा सरकारलाई दोषी ठान्न सकिएला तर संसद्मा दर्ता भएका र संसदीय समितिमा विचराधीन विधेयकलाई समयमै निकास नदिनुको दोष संसद्माथि नै जान्छ। संसद्बाट समयमै विधेयक अगाडि नबढेको दृष्टान्त देखाउँदै सरकारलाई त अध्यादेश जारी गर्ने बहाना मिल्छ।

दुर्भाग्य, संसद्ले कानुन नबनाउँदा नौ वर्षअघि जारी नेपालको संविधानसमेत पूर्णतः कार्यान्वयन हुन पाएको छैन। संविधान कार्यान्वयनका लागि आवश्यक कानुन नबन्दा त्यसको दोष व्यवस्थामाथि लगाइँदैछ। संविधानका धारा कार्यान्वयन गर्न संसद्ले कानुन बनाउनुपर्छ। त्यसपछि सरकारले कानुनतः नियमावली बनाएपछि मात्रै कार्यान्वयनमा जान्छ। संविधानतः आधारभूत कानुन नबन्दा अन्योल बढेको छ र त्यसको दोष संविधानमाथि थोपरिँदैछ। एक वर्षअघि राष्ट्रियसभा विधायन व्यवस्थापन समितिले गरेको अध्ययनअनुसार संविधान पूर्णतः कार्यान्वयन गर्न १ सय ८१ नयाँ कानुन चाहिन्छ। त्यसमा संघीय संसद्ले मात्रै १ सय ५१ वटा कानुन बनाउनुपर्छ भने तीमध्ये ४० कानुन त बाध्यात्मक प्रकृतिका छन्। प्रदेशले २४ र स्थानीय तहले ६ वटा बाध्यात्मक कानुन बनाउनैपर्छ। त्यसपछि संघीय कानुनसँग नबाझिने गरी प्रदेश र स्थानीय तहले कानुन बनाउने जिम्मेवारी त बाँकी नै रहन्छन्। ती कानुन नहुँदा संविधान सिर्जित संस्थाहरू सक्रिय हुन सक्दैनन्। कानुन निर्माणको गति भने निकै सुस्त देखिन्छ र समितिका विचाराधीन विधेयकहरूको अवस्थाले सांसदहरूलाई गैरजिम्मेवार साबित गरेको छ। सत्तापक्षकै सांसदहरू अनुपस्थित भएर गणपूरक संख्याको अभावमा बैठक बस्न नसकेको आरोप प्रतिपक्षी दलहरूले लगाएका छन्। अर्थात् विपक्षले दोष सत्तापक्षतिर थोपरेको छ। त्यसो हो भने संसदीय समितिमा उपस्थिति हेर्न हाजिरीको हिसाबकिताब केलाउनु पनि पर्छ। अर्कोतिर, सत्तापक्षको कमजोरीमा बेलैमा प्रहार गर्ने प्रतिपक्षीको धर्म हो। तर, संसदीय समितिहरूमा सत्तापक्ष मात्र होइन विपक्षी दलका सांसदहरू उपस्थिति पनि कमजोर नै रहँदै आएको छ।

सांसदहरू संसदीय कर्मभन्दा 'मिसन–८४' का नाममा लहसिएर पार्टीको काममा बढी खटेपछि संसदीय समितिमा उपस्थिति पातलो भएको हो। संसद् अधिवेशन चालु नहुँदा विधेयकमाथि दफावार छलफल गरी पारित गर्ने र सरकारमाथि निगरानी गर्ने क्रममा पछिल्लो कालखण्डमा संसदीय समितिले चरम निस्क्रियता देखाएका छन्। अपवादबाहेक अधिकांश समितिले त नियमित बैठकसमेत गरेनन्। संसद् या संसदीय समिति सक्रिय नहुँदा सडक तात्न पुग्छ। नागरिकले खेपिरहेको, भोगिरहेको र आवाज उठाइरहेको विषय वा सन्दर्भ संसद्भित्रै छलफल भएमा सम्भवतः कोही पनि सडकमा पुग्दैन। जनप्रतिनिधिले आफ्नो मन र बोलीको प्रतिनिधित्व गरिरहेको अनुभूति मिलेको खण्डमा नागरिकले सडक तताउनै पर्दैन। संसद् सेलाएकैले सडक र सामाजिक सञ्जालमा अनेक किसिमका रमिता र तमासा प्रर्दशन भएका छन्। विडम्बना, जनसाधारण सांसद्ले होइन तमासेहरूले आफ्नो चाहना र असन्तुष्टिको प्रतिनिधित्व गरेको ठान्न बाध्य भएका छन्। त्यस्ता तमासाका दृश्य बदल्ने हो भने सदनलाई आकर्षक र जनमुखी बनाउनुपर्छ। सभामुखमाथि प्रायः आफ्नै पुरानो पार्टीका नेताको 'आदेशपालक' भएको आरोप लाग्दै आएको छ। तर, यसपालि भने अधिवेशन प्रारम्भ नहुँदै सभामुख सरकारलाई जिम्मेवार बनाउन अग्रसर देखिएका छन्। सभामुख प्रखर रूपमा प्रस्तुत भए सत्तालाई ठीक ठाउँमा ल्याउन र संसद्प्रति जवाफदेही गराउन भूमिका खेल्नसक्छन्।

विसं २०७९ को संसदीय चुनावपछि जोसिला सांसदहरूको राम्रै उपस्थिति रह्यो। तिनको उपस्थितिबाट संसदीय कर्मका दृश्यमै फरक पर्ला भन्ने ठानिएको थियो। सडक र सञ्जालमा देखिएको तिनको जोस भने संसद् पुग्दा शिथिल हुनपुगेको देखिएको छ। संसद्मा जनताले भोगेका विषयमा प्रश्न दर्ता गर्न नसक्नुले तिनमा 'पुरानै ढर्रा' व्याप्त रहेकोदेखायो। संसद्को आधा कार्यकाल सकिने बेलासम्ममा पनि नयाँ सांसदहरूमा सक्रियता नदेखिने हो भने 'सबै उस्तै हुन्' भन्ने मान्यता स्थापित हुनेछ। सत्तालाई जवाफदेही बनाउने अस्त्र 'प्रश्न' नै हो। तर, हाम्रो संसदीय कर्मबाट प्रश्न हराउँदै गएको छ। एकाधजनाबाहेक अधिकांश सांसदहरूले नागरिक र सडकका प्रश्न सदनसम्म पुऱ्याउन र सरकारलाई जवाफदेही बनाउने अस्त्रलाई धारिलो पार्नै सकेनन्। संसद्मा दर्ता भएका प्रश्नकर्ता सांसदको संख्या हेर्ने हो सांसदहरू प्रश्न सोध्ने कर्मबाट च्युत भएको निष्कर्ष सहजै निस्कन्छ। सत्ता र विपक्ष दुवैले जनभावनाको प्रतिनिधित्व गर्दै व्यवस्थाविरुद्ध भएका प्रहारको जवाफ दिनु आउँदो अधिवेशनको मूलभूत दायित्व हो। त्यसैले अहिले नै 'मिसन–८४' भन्दा हिउँदे अधिवेशन अर्थात् 'मिसन–८१'लाई सफल बनाउने लक्ष्य राखेर संसद्प्रति नेपाली जनताको आस्था, विश्वास र भरोसा बढाउन जुट्नुपर्ने देखिन्छ।

# नुन र मुटु रोगको सम्बन्ध



डा. राजेन्द्र कोजु

नुन हाम्रो भान्छाको एक अपरिहार्य वस्तु हो। हामीले बिहानको नास्तादेखि खाना, दिउँसोको खाजा र साँझको खानामा नुनको प्रयोग गरेकै हुन्छौं। अझ भनौं नुन हाम्रो जिब्रोको स्वाद हो जसको अभावमा हामीले खाने भोजन स्वादिष्ट हुँदैन। नुनको अभावमा शरीरमा आलस्यता आउने मात्र होइन, स्वास्थ्यमा अनेक समस्या हुने गर्दछ। नुन हाम्रो संस्कृतिसँग पनि जोडिएको छ। जुठो बार्दा नुन नखाने, कतिपय पूजाआजामा अनिवार्य प्रयोग गरिन्छ। यसरी हाम्रो शरीरका लागि अपरिहार्य नुन किन फेरि हानिकारक छ त भन्ने प्रश्न पनि उठ्ने गर्दछ। ठिक्क हुँदा ठीक, बेसी हुँदा हानिकारक हुने भएकाले नुनको प्रयोगमा ध्यान दिनुपर्छ। दैनिक कति नुन हाम्रो शरीरका लागि आवश्यक हो त भन्ने कुरा व्यक्तिको जीवनशैली, ठाउँ र स्वास्थ्य अवस्थाले पनि केही फरक पार्न सक्छ। सामान्यतः दैनिक दुईदेखि तीन ग्रामसम्म नुन (सोडियम) सेवन गर्नु उपयुक्त हुन्छ। बढीमा पाँच ग्राममा सीमित रहनेगरी खान सकिने भन्ने विश्व स्वास्थ्य सङ्गठन ( डब्ल्यूएचओ) ले पनि भनेको छ।

### मुटुसँगको सम्बन्ध

नेपालमा नुन सेवन र मुटु रोगको सम्बन्ध गम्भीर चिन्ताको विषय बनेको छ। आयोडिनयुक्त नुनले थाइराइड जस्ता रोग नियन्त्रण गर्न सहयोग पुऱ्याए पनि यसको अत्यधिक सेवनले मुटु रोगलाई निम्त्याउन सक्छ। यहाँका मानिसको जीवनशैली, खानपान र स्वास्थ्य शिक्षाको अभावका कारण नुनको अत्यधिक सेवन र यसको कारणले हुने मुटु रोगका समस्या बढ्दो क्रममा छन्। हाम्रो स्वास्थ्यका लागि दुईदेखि तीन ग्राम उपयुक्त हुन्छ तर धेरैजसो नेपालीले दैनिक पाँच ग्रामभन्दा धेरै नुन सेवन गर्ने गर्छन्। विशेषगरी अचार, तिख्खर खानेकुरा तथा प्रशोधित खानेकुराहरू जस्तै–लेज, कुरकुरे, चाउचाउ आदिमा उच्च मात्रामा नुन हुन्छ। ग्रामीण क्षेत्रमा प्राकृतिक खानाको प्रयोग भए पनि, शहरी क्षेत्रमा प्रशोधित खाना र फास्ट फुडको लोकप्रियताले नुन सेवनको दर उच्च देखिएको छ। नुन र मुटुरोग बीचको सम्बन्ध धेरै अध्ययनहरूद्वारा पुष्टि भएको छ। नुनमा सोडियमको मात्रा धेरै हुन्छ। अत्यधिक सोडियमले शरीरमा पानी थुप्रिने (पानी धारण गर्ने) समस्या उत्पन्न गराउँछ जसले गर्दा रक्तचाप बढ्छ। रक्तचापले मुटु र रक्तनलीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न सक्छ। उच्च रक्तचाप (हाइपरटेन्सन) मुटु रोगको प्रमुख जोखिम कारक हो। नेपालमा हृदय रोग मृत्युको प्रमुख कारणमध्ये एक हो। उच्च रक्तचाप र यसका कारण मुटु रोग हुने समस्या नेपालमा तीव्र रूपमा बढ्दै छ। डब्ल्यूएचओका अनुसार नेपालमा झन्डै ३० प्रतिशत वयस्क जनसंख्या उच्च रक्तचापको जोखिममा छ।

लामो समयसम्म उच्च रक्तचाप रहिरहेमा मुटुको मांसपेशीमा अनावश्यक दबाब पर्छ। यसले मुटुको असमान्य कार्यक्षमता, हृदयाघात र स्ट्रोकजस्ता समस्या निम्त्याउन सक्छ। नुनको अत्यधिक सेवनले धमनीहरूलाई सख्त ( अथेरोस्क्लेरोसिस) बनाउँछ। यो प्रक्रियाले रक्तप्रवाहलाई अवरुद्ध गर्नसक्छ जसले मुटुमा अक्सिजनको अभाव गराउँछ। धेरै नुन सेवन गर्ने व्यक्तिहरूमा पानी र सोडियमको सन्तुलन बिग्रन सक्छ। यसले मुटुको काम गर्न कठिन बनाउँछ जसले मुटुको विफलताको सम्भावना बढाउँछ। नेपालमा स्वास्थ्य मन्त्रालयले उच्च रक्तचाप र मुटु रोग नियन्त्रणका लागि केही कार्यक्रम र जनचेतनामूलक गतिविधि गर्दै आएको छ। नुनको उपभोग कम गर्ने रणनीति बनाउन डब्ल्यूएचओले नेपाल सरकारसँग सहकार्य गरिरहेको छ।

### अन्य देशमा नुनको प्रयोग

सामान्यतः धेरैजसो देशहरूमा औसत नुन सेवन डब्ल्यूएचओको सिफारिश (५ ग्राम प्रतिदिन) भन्दा धेरै उच्च छ। विकसित देशहरूले यसबारे धेरै सुधार गरेका छन् तर विकासशील देशहरूमा अझै जनचेतना र नीतिगत हस्तक्षेप आवश्यक छ। ती देशहरूमा नुनको प्रयोग जनसंख्या, संस्कृति, खानपान र जीवनशैलीका आधारमा फरक छ। विकसित देशहरूमा नुन सेवनमा कमी ल्याउने प्रयास भइरहेको छ भने धेरै विकासशील देशहरूमा अझै अत्यधिक नुन सेवन चुनौतीपूर्ण रहेको छ।

विश्वका विकसित देशहरूमा नुनको प्रयोग कम गर्न राज्यस्तरबाटै पहलहरू भएको पाइन्छ। अमेरिकी सरकारले नुनको प्रयोग कम गर्न जनचेतना अभियान र खाद्य उद्योगमा नयाँ मापदण्ड लागू गरिरहेको छ। ल्याटिन अमेरिकी देशहरू– ब्राजिल, मेक्सिको, अर्जेन्टिनाजस्ता देशहरूमा औसत नुन सेवन उच्च (८–११ ग्राम प्रतिदिन) छ। बेलायत, फिनल्यान्ड, डेनमार्कलगायत युरोपेली देशहरूमा नुन सेवन कम गर्न ठूला अभियान सञ्चालन गरिएको छ। बेलायतमा नुन सेवन कम गर्न पब्लिक हेल्थ इङ्ल्यान्डले फुड म्यान्युफ्याक्चरर्सलाई प्रशोधित खानामा नुन घटाउन निर्देशन दिएको छ। फिनल्यान्डले सन् १९७० को दशकदेखि 'लो–सोडियम खाना' को प्रवर्द्धन गरेर नुन सेवनलाई ३० प्रतिशतले कम गरेको छ। सरकारले जनचेतना र 'लो–सोडियम सोया सस' को प्रवर्द्धन गरेर सुधार गर्ने प्रयास गरेको छ।

छिमेकी देश चीनमा औसत नुन सेवन १०–१२ ग्राम प्रतिदिन रहेकाले त्यसलाई घटाउन सरकारले जनचेतना कार्यक्रम सञ्चालन गरेको छ। भारतीयहरूले औसत दैनिक नुन सेवन ८–१० ग्राम गरिरहेका छन्। सरकारको ध्यान आयोडिनयुक्त नुन प्रवर्द्धनमा केन्द्रित रहेकाले नुन कम गर्ने पहल भएको देखिँदैन। स्वास्थ्य शिक्षाको कमीले गर्दा धेरैजसो अफ्रिकी देशहरूमा नुन सेवनको स्तर उच्च छ। भुटान, पाकिस्तान, अफगानिस्तान, श्रीलङ्काका ग्रामीण र शहरी क्षेत्रमा नुनको अत्यधिक प्रयोग देखिन्छ।

### कसरी स्वस्थ्य हुने त ?

नुन र मुटु रोगबीचको सम्बन्धबारे जनचेतना अभिवृद्धि गर्नु आवश्यक छ। प्रशोधित खाना जस्तै– चिप्स, तयारी खाना (जङ्क फुड), डिब्बामा बन्द गरिएका खाना आदिमा सोडियम धेरै हुने हुँदा यस्ता खानेकुराहरूबाट टाढै बस्नु उपयुक्त हुन्छ। नियमित व्यायाम, सन्तुलित आहार र तनाव व्यवस्थापनले मुटु रोगको जोखिम कम गर्न मद्दत गर्छ। यदि तपाईंमा मुटु रोग वा उच्च रक्तचापको इतिहास छ भने चिकित्सकसँग परामर्श गरेर नुन सेवनको उचित सीमा निर्धारण गर्नु अत्यन्त महत्वपूर्ण छ। घरमा खाना पकाउँदा नुनको मात्रा नियन्त्रण गर्नु र बाहिरका प्रशोधित खानेकुरा कम गर्नुपर्छ। यसका लागि धेरै किसिमका तरकारीको सट्टा एक वा दुई किसिमका तरकारी वा दालको प्रयोग गर्ने, सागपातहरूमा नुनको प्रयोग नगर्ने, एउटा तरकारीमा नुन राखेमा अर्कोमा नराख्नेजस्ता तरिका पनि अपनाउन सकिन्छ। नियमित रूपमा रक्तचाप जाँच गर्न र मुटु रोगको प्रारम्भिक उपचार सुनिश्चित गर्ने गरिएमा मुटुजन्य स्वास्थ्य समस्या आउन पाउँदैन। स्थानीय, ताजा र सन्तुलित खाना खाने बानी बसाल्नु, व्यायाम गर्नु र धुम्रपान तथा मद्यपान त्याग्नु जरुरी छ।

### निष्कर्ष

नुन र मुटु रोगको समस्या समाधानका लागि व्यक्तिगत, सामाजिक र सरकारी तहमा सुधारात्मक कदम उठाउन आवश्यक छ। अन्य देशहरूमा जस्तै नेपालमा पनि नुनको मात्रा घटाउन खाद्य उद्योगलाई मापदण्डअनुसार उत्पादन गर्न निर्देशन दिनुपर्ने देखिन्छ। कम नुन खाएर, स्वस्थ जीवनशैली अपनाएर र जनचेतना अभिवृद्धि गरेर यस समस्या नियन्त्रण गर्न सकिन्छ। बालबालिकाहरुलाई घरमा नुनको अधिक सेवनको बेफाइदाबारे जानकारी दिने र विद्यालयमा पनि तयारी खानालाई निषेध गर्ने तथा पाठ्यक्रमहरुमा यसबारेमा वियषयवस्तुहरू समावेश गर्न आवश्यक छ। ( *'मुटुको कथा' पुस्तकका लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ डा. कोजुसँग गरिएको कुराकानीमा आधारित)*




### 'नेपाल र भारतबीच...

दूतावासका महावाणिज्यदूत देवीसहाय मीनाले नेपालमा पूर्वाधार विकास निर्माण, व्यापारलगायत विभिन्न क्षेत्रमा भारतीय सरकारको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी, वन तथा वातावरणमन्त्री त्रिभुवन साह, ऊर्जा तथा खानेपानीमन्त्री शेषनारायण यादव, पूर्वप्रदेश प्रमुख हरिशङ्कर मिश्र, पूर्वमुख्यमन्त्री लालबाबु राउत, प्रदेशसभा सदस्यहरू, जनकपुरधाम उपमहा नगरपालिकाका प्रमुख मनोजकुमार साह र जनकपुरधामका पूर्वप्रमुख बजरङ्गप्रसाद साहलगायतको उपस्थिति थियो।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय**
**लहान, सिरहा**

**३५ (पैतीस) दिने सार्वजनिक सूचना**

मिति : २०८१/१०/१४

उप्रान्त जि.सि.गा.वि.स. भगवतीपुर ता.सु वडा नं.७ हाल नवराजपुर गा.पा. वडा नं. १ बस्ने कारी यादवको छोरा बुहारी दोरीका यादव, विशेस्वरी यादव र सुकलाहि यादवनी समेत तीन जनाले बाबु/ससुरा कारी यादवको नाममा जि.सि.गा.वि.स. भगवतीपुर ता.सु. वडा नं. ८ कि.नं. ४४६ ज.वि. ०–२–१८, भगवतीपुर ता.सु वडा नं. ७ख कि.नं. ७६ ज.वि. ०–३–०, भगवतीपुर ता.सु. वडा नं. ८ कि.नं. ५०५ ज.वि. ०–१–१९ र सोठियाई वडा नं. १ कि.नं. १७२ ज.वि. ०–३–३.५ जग्गा सर्वे नाप नक्सा भएको फिल्डबुकमा नेति लाल यादव झगडिया जनिएको तर उक्त जग्गाहरु दर्ता नहुँदै छुटमा परेकोले ज.ध.कारी यादवको मिति २०३० सालमा मृत्यु भएको निजको एक मात्र पत्नी झुगरि यादवको मिति २०२७ सालमा मृत्यु भईसकेको निजहरुको शेष पछि निजको हक खाने हामी छोरा दोरिक यादव दुई छोरा बुहारी विशेस्वरी यादव, सुकलाही यादव समेत ३ (तीन) जना मात्र रहेकोले उक्त छुट जग्गा दर्ता गरी हामी संयुक्त नाममा नामसारी गरी पाउँ भनी द.नं. १२५०५ मिति २०८०/१२/२७ को निवेदन रहेकोमा उक्त जग्गा छुट जग्गा दर्ता गरी निवेदन तीन जना दोरिक यादव दुई छोरा बुहारी विशेस्वरी यादव सुकलाही यादवको संयुक्त नाममा नामसारी दर्ता गर्दा कोही कसे हक हिस्सा वा स्वमित्वमा फरक पर्ने भए सो प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटो म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भै जानेछ भनी यसै सूचनाद्वारा सरोकारवाला सूचित गराईन्छ।

**अर्जुन कुमार मण्डल**
**मालपोत अधिकृत**


# सहिद सूर्यनाथ अस्पताल सञ्चालनको माग



**ढल्केबर समाचारदाता**

ढल्केबर, १५ माघ। धनुषाको सहिदनगर नगरपालिका–८, डुमरियामा नौ वर्षदेखि अलपत्र अवस्थामा रहेको सहिद सूर्यनाथ राण स्मृति अस्पताल सञ्चालनमा ल्याउन स्थानीयले माग गरेका छन्। जिल्लाको पूर्वी भेगका बासिन्दालाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले २०७२ सालमा निर्माण गरिएको सो अस्पताल सम्बन्धित निकायको बेवास्ताका कारण अलपत्र बनेको हो। स्थानीय बासिन्दाले अस्पताल सञ्चालनको माग गर्दै पटक पटक प्रदर्शन गर्दै आएका छन्। पछिल्लो एक सातादेखि जनमत पार्टीका कार्यकर्ताले अस्पताल सञ्चालनको माग गर्दै विरोध प्रदर्शन गर्दै आएका छन्। भदौ १८ गते डुमरियाका स्थानीयले सो अस्पताल सञ्चालनका लागि मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहको ध्यानाकर्षण गराउनुभएको थियो। त्यसबखत मुख्यमन्त्री सिंहले अस्पताल छिट्टै सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्दै दुई दिनभित्रमै अस्पताल सञ्चालनका लागि आवश्यक स्वास्थ्य उपकरण तथा औषधी पठाउनुभएको थियो। प्रदेश सरकारले आफ्नो स्वामित्वमा लिएर अस्पताललाई ५० शय्याका रूपमा सञ्चालनका लागि अनुमति दिने निर्णय मन्त्रीपरिषद्बाट निर्णयसमेत गरेको थियो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. सञ्जय ठाकुरले सञ्चालन गर्ने निर्णय भए पनि चिकित्ससहितका आवश्यक जनशक्ति नभएकाले अस्पताल सञ्चालन हुन नसकेको बताउनुभयो। आवश्यक जनशक्ति व्यवस्थापनको काम भइरहेको उहाँले जानकारी दिनुभयो। अस्पताल चार करोड रुपियाँको लागतमा निर्माण भएको हो। १५ वर्षअघि तत्कालीन स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले सो अस्पतालको शिलान्यास गर्नुभएको थियो। अस्पतालका लागि स्थानीय १५ जनाले करिब दुई बिघा जग्गा दान गर्नुभएको छ। स्थानीयका अनुसार २०७२ सालमा निर्माणको काम सकिए पनि अस्पताल सञ्चालनको विधि र प्रक्रिया अझै अन्योलमा रहेको छ। प्रदेश सरकारले स्वास्थ्य उपकरण र औषधी पठाए पनि अस्पताल सञ्चालनमा आउने आशा पलाएको छैन।

स्थानीय वीरेन्द्र यादवले अस्पताल सञ्चालनमा आउँछ भन्ने अझै शङ्का रहेको बताए। उनले भने, “मधेश सरकारले स्वास्थ्य उपकरण तथा औषधी त पठायो तर स्वास्थ्यकर्मी लगायत जनशक्तिको अझै टुङ्गो छैन। सेवा दिन डाक्टर आउनुपर्‍यो। अब डाक्टर कहिले आउने हो, निश्चित छैन।” यस भेगमा सुविधासम्पन्न अस्पताल नहुँदा उपचारका लागि बिरामीलाई जनकपुर लैजानुपर्ने बाध्यता रहेको यादवको भनाइ छ। उनले अस्पताल सञ्चालनमा राजनीतिकरण भएको गुनासो गर्दै भने, “अस्पताल सञ्चालनका लागि डुमरियामा पटक पटक आन्दोलन भयो। सबै नेताले म सञ्चालन गर्छु भन्छन्। तर कसैले सकेनन्।” जनताको समस्या बुझेर जसरी पनि अस्पताल सञ्चालनमा आउनुपर्ने उनले बताए। जमिनदारविरुद्ध किसान आन्दोलन गरेका सूर्यनाथलाई २०४२ असोज ४ मा तत्कालीन पञ्चायती व्यवस्थाविरुद्ध पनि आवाज उठाउँदा गोली हानेर हत्या गरेको थियो। उनकै सम्झनामा अस्पताल निर्माण गरिएको हो।

# किसानले नबेचेपछि खाद्यले कृषि सहकारीसँग धान किन्दै

**शंकर आचार्य**

पर्सा, १५ माघ। किसानले धान बिक्री गर्न नल्याएपछि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगन्ज शाखाले कृषि सहकारी संस्थासँग धान खरिद गर्न लागेको छ। शाखा प्रमुख पंकजकुमार झाले बाराको महागढीमाई नगरपालिकास्थित विश्वकर्मा बाबा कृषि सहकारी संस्थासँग धान खरिद बिक्रीको सम्झौता भएको बताए। ‘यो सहकारीसँग अधिकतम २ हजार ५ सय क्विन्टल धान खरिद गर्ने छौं,यसै साताभित्र धान खरिद सुरु हुनेछ,’ उनले भने, ‘कम्पनीको खरिद निर्देशिकाले एउटा सहकारीसँग यतिभन्दा बढी धान खरिद गर्न नमिल्ने स्पष्ट व्यवस्था गरेको छ।’

पर्साको पटेर्वासुगौली क्षेत्रको सहकारीसँग पनि छलफल भई रहेको उनले बताए। मंसिर २० देखि धान खरिद खुल्ला गरेको शाखाले मंगलबार सम्ममा गरी शुक्रबारसम्ममा गरी २ हजार २ सय ७३ क्विन्टल मात्र धान खरिद गरेको छ। यस वर्ष वीरगन्ज शाखाले केन्द्रबाट ४२ हजार क्विन्टल धान खरिदको कोटा पाएको छ। ४२ हजार क्विन्टल कोटामध्ये ३२ हजार क्विन्टल सोना मन्सुली र १० हजार क्विन्टल जिरा मसिनो धान खरिदको कोटा छ। खाद्यले वीरगन्जमा यस वर्ष जिरा मसिनो धान प्रतिक्विन्टल ४ हजार रुपैयाँमा खरिद खुल्ला गरेपनि किसानले हालसम्म जिरा मसिनो धान बिक्री गर्न ल्याएका छैनन्। यो धानको खरिद मूल्य प्रमुख जिल्ला अधिकारी संयोजक रहेको स्थानीय प्राथमिक खरिद समितिले निर्धारण गरेको हो। सोना मन्सुली धानको समर्थन मूल्य संघीय सरकारले प्रतिक्विन्टल ३ हजार ५ सय ८० रुपैयाँ ६२ पैसा निर्धारण गरेको थियो।

यस वर्ष धान खरिद सुरु गरेलगत्तै बारामा पन्चबर्षिय गढीमाइ मेला लागेको कारण किसान मेलामा व्यस्त भएको र त्यसपछि उँखु काट्ने र गँहुको बीउ छर्ने चटारोसँगै किसानको ट्याक्टर पनि व्यस्त भएपछि किसानले धान बिक्री गर्न नल्याएको झाले बताए। शाखाले यस वर्ष गत वर्षभन्दा २० दिनअघि धान खरिद खुल्ला गरेको हो। खाद्यले सोना मन्सुली धान प्रतिक्विन्टल ३ हजार ५ सय ८० रुपैया ६२ पैसामा खरिद गरिरहेको छ। गत वर्ष किसानले निजी क्षेत्रबाटै बढी मूल्य पाएपछि खाद्यलाई धान बिक्री गर्न ल्याएनन्।

# नर्सिङ दिवस : नेपालमा भविष्य नभएको भन्दै नर्सिङ जनशक्ति विदेशिने क्रम बढ्दो


काठमाडौं, १५ माघ। ६३ औं नेपाल नर्सिङ दिवस, देशभर विभिन्न कार्यक्रम गरी मनाएको छ। नर्सहरुको पेसागत हकहित र सुरक्षाका लागि भन्दै २०१८ साल माघ १५ गते मंगलबजारजकै दिन नेपाल नर्सिङ संघको स्थापना भएको थियो। नर्सिङ संघको स्थापनाको दिन पारेर हरेक वर्ष माघ १५ गते नेपाल नर्सिङ दिवस मनाउँदै आइएको छ। नेपालमा नर्सिङ पेसा व्यावसायिक बन्न नसकेको नर्सिङ संघकी अध्यक्ष चन्द्रकला शर्माले बताउनुभएको छ। उनले नेपालमा वर्षेनि हजारौँको संख्यामा नर्सहरु उत्पादन हुँदा यसको व्यवस्थापन हुन नसकेको बताए। अध्यक्ष शर्माका अनुसार नेपालमा भविष्य नभएको भन्दै नर्सिङ जनशक्ति विदेशिने क्रम बढेकाले स्वास्थ्य क्षेत्रमा ठूलो असर पर्ने जोखिम छ।

नेपालमा काम गर्न र पढ्नका लागि पर्याप्त वातावरण नभएको, बढी श्रम गर्नुपर्ने, तर तलब त्यसअनुसार नभएको भन्दै नर्सहरु विदेश जाने क्रम बढिरहेको छ। अहिले नेपालका धेरै स्वास्थ्य संस्थामा नर्सिङ जनशक्ति कम छ। एकातिर जागिर छाड्नेको संख्या धेरै हुँदै जाने र नयाँ कर्मचारी माग गर्दा पनि फारम भर्नेको संख्या कम हुँदै जानु स्वास्थ्य संस्थाहरूका लागि चिन्ताको विषय बनेको छ। नर्सहरु विदेश पलायन हुनेक्रमलाई रोक्न सरकारले केही नीतिगत सुधार गरेर नर्सिङ सेवामा देखापरेका चुनौतीको सामना गर्नुपर्ने नर्सिङ संघकी अध्यक्ष शर्मा बताउनु हुन्छ। नर्सिङ काउन्सिलको तथ्याङ्क अनुसार गएको मङ्सिरसम्म दर्ता भएका नर्सको संख्या एक लाख २१ हजार छ। तर, सबै जनशक्ति नेपालमा छैनन्। १८ हजार सरकारी र ३२ हजार पाँच सय निजी स्वास्थ्य संस्थामा कार्यरत गरी नर्सको संख्या ५० हजार पाँच सय छ।

# नेपालमा पाठेघरको क्यान्सरले दैनिक चार जनाको मृत्यु

काठमाडौं, १५ माघ। नेपालमा पाठेघरको मुखको क्यान्सरका कारण दैनिक चार जनाको मृत्यु हुने गरेको छ। नेपालमा महिलामा हुने क्यान्सरमध्ये स्तन क्यान्सर पछि दोस्रो स्थानमा रहेको पाठेघरको मुखको क्यान्सर बर्सेनी दुई हजार एक सय ६९ जनालाई हुने गरेको जिल्ला स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत प्रकाश पाठकले जानकारी दिए। तीमध्ये ६१ प्रतिशत अर्थात् एक हजार तीन सय १३ जनाको बर्सेनी मृत्यु हुने गरेको उनले बताए। ह्युमन पापिलोमा भाइरस (एचपीभी) को दुई सयभन्दा बढी प्रजातिमध्ये १२ वटा प्रजाति पाठेघरको मुखको क्यान्सर गराउने मुख्य कारक हुन्। जिल्लामा माघ २२ गतेदेखि २९ गतेसम्म एचपीभी खोप अभियान सञ्चालन गर्न लागिएको छ। खोप अभियान अन्तर्गत जिल्लाका १५ वटै स्थानीय तहका विद्यालयभित्र र विद्यालय बाहिर रहेका ५४ हजार नौ सय ९९ छात्रा तथा किशोरीलाई एचपीभी खोप लगाइने स्वास्थ्य कार्यालयले जनाएको छ।

झापामा एचपीभी खोप अभियानका लागि सात सय ५५ खोप केन्द्र, सात सय ८१ जना स्वास्थ्यकर्मी र एक हजार पाँच सय १५ जना स्वयम्सेविका परिचालन हुनेछन्। सात सय ५५ खोप केन्द्रमध्ये पाँच सय ५७ विद्यालय एक सय ४० स्वास्थ्य संस्था र ४० वटा बाह्य केन्द्र रहनेछन्। विश्व स्वास्थ्य संगठन (डब्यूएचओ) ले सन् २०३० सम्ममा यो रोग निवारणका लागि एकीकृतरूपमा तीन तहको उपाय अवलम्बन गर्न सिफारिस गरेअनुसार नेपाल सरकारले १० देखि १४ वर्षसम्मको किशोरीलाई खोप लगाउने भएको हो। गत



**–बाँकी अन्तिम पेजमा**

## चालु आर्थिक...

मन्त्रालयको रु २४ करोड ८४ लाख, शिक्षा तथा संस्कृति मन्त्रालयको रु १८ करोड १२ लाख, श्रम तथा यातायात मन्त्रालयको रु सात करोड ८३ लाख एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको रु ५७ करोड ६१ लाख बजेट खर्च भएको जनाइएको छ। प्रतिशतका आधारमा मुख्यमन्त्री कार्यालयको ८ दशमलव ९६ प्रतिशत, अर्थ मन्त्रालयको १७ दशमलव ०६ प्रतिशत, उद्योग मन्त्रालयको दुई दशमलव ६८ प्रतिशत, भूमि व्यवस्था, कृषि सहकारी मन्त्रालयको पाँच दशमलव ५६ प्रतिशत, ऊर्जा तथा सिँचाइ एवं खानेपानी मन्त्रालयको पाँच दशमलव ४९ प्रतिशत खर्च भएको छ।

त्यसैगरी गृह, सञ्चार तथा कानुन मन्त्रालयको चार दशमलव ४९ प्रतिशत खर्च भएको देखिएको छ। वन तथा वातावरण मन्त्रालयको १५ दशमलव ६८ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयको एक दशमलव ८८ प्रतिशत, शिक्षा तथा संस्कृति मन्त्रालयको छ दशमलव १८ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयको सात दशमलव ८३ तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ११ दशमलव ०४ प्रतिशत बजेट खर्च भएको उल्लेख छ। राजनीतिक अस्थिरता तथा समयमा बजेट निकासा नहुँदा विनियोजित बजेट खर्च हुन नसकेको सम्बन्धित निकायले जनाएका छन्। जसपा नेपालका सचेतक तथा प्रदेश सांसद रामअशिष यादवले सरकारको कमीकमजोरीले बजेट खर्चमा समस्या देखिएको बताए। बजेट खर्चका लागि प्रदेश सरकारले संकल्प प्रस्तावसमेत पारित गरेको छ।

# हात्ती आतंक : दिगो समाधानको प्रतीक्षामा किसान



रौतहट, १५ माघ। जंकली हात्तीको विध्वंशले रौतहटका किसानहरू प्रताडित छन्। गत असार महिनादेखि जंकली हात्ती रौतहटको चन्द्रपुर, बृन्दावन, गुजारा र फतुवा विजयपुर नगरपालिकाको जंगल नजिकैको गाउँमा बसिरहेका छन्। हात्तीको उपद्रोले रौतहटमा–२ दर्जनभन्दा बढी घर भत्किसकेको छभने लाखौं मूल्य बराबरको अन्न, तरकारी र फलफूल नष्ट भएको छ। हात्तीको आक्रमणले रौतहटमा एक महिलाले ज्यान गुमाउनु परेको छभने एक घाइते भएका छन्। गत कात्तिक १६ गते फतुवा बिजयपुर–११ रागीबुटुवा बस्ने ७० वर्षीया पातलीमाया तामाङको हात्तीको आक्रमणबाट ज्यान गएको थियो। तामाङको घर हात्तीले पूर्ण रूपमा क्षति पुऱ्याएको थियो। जङ्गली हात्तीले एक्कासि घरमा आक्रमण गर्दा उनका श्रीमान् भने भागेर ज्यान बचाउन सफल भएका थिए।

हात्तीले गत कात्तिकयता चन्द्रपुर–२ जुडिबेलामा मात्रै एक दर्जनभन्दा बढी घर भत्काएको छ। "बस्न नहुने गरी घर भत्कायो तर हामी भने भागेर बाँच्न सक्यौं", स्थानीय खिकप्रसाद पन्त भने। पुलामीटोलका राजेन्द्र ठाकुरको पनि घर हात्तीको आक्रमणले पूर्ण रूपमा क्षति भएको थियो। राति सुतिरहेको बेलामा हात्तीले घर भत्काएको ठाकुरले बताए। बलमपाखी टोलका तारजन मगरको पनि हात्तीले घर पूर्णरूपमा भत्काएको छ। यस्तै चन्द्रपुर–३ गैँडाटारमा हात्तीले एकैरात सात घर भत्कायो। हात्तीले रौतहटमा दर्जनभन्दा बढी घर भत्काएको छ। फतुवा विजयपुर नगरपालिकामा—११ का भैसही र बुटवा बस्तीमा चार घर भत्काएको स्थानीय अजय तिमलसिनाले जानकारी दिए। हरेक वर्ष धान पाक्ने बेला आउने हात्ती धान काटिसकेपछि जाने गरेको थियो तर यसपालि गाउँमै बस्नाले यहाँका मानिसहरू असुरक्षित महसुस गरिरहेको छन्। हात्तीले घर भत्काइसकेपछि चन्द्रपुर नगरपालिकाका नगर प्रमुख सञ्जयकुमार काफ्ले पीडितहरूका घरमै पुगेर जस्तापातासहित खाद्यान्न सहयोग गरेका थिए।

जङ्गली हात्तीले खासगरी केराखेतीमा धेरै क्षति पुऱ्याएको छ। रौतहटको चन्द्रपुर—३ गैँडाटार र जुडिबेलामा लगाइएको केराखेतीमा क्षति पुऱ्याएको छ। हात्तीले पटकपटक गरेर करिब एक बिगाहामा लगाएको केराखेती नष्ट गरेको चन्द्रपुर–३ गैँडाटारका किसान लालबहादुर दोङले जानकारी दिए। फल्ने बेला भएको करिब सात सय केराको बोटमा हात्तीले नष्ट गरेको उनको गुनासो छ। केराखेतीमा बीमा नहुँदा पनि समस्या भएको उनको भनाइ छ। वृन्दावन नगरपालिका–१ बलरीखोरमा पनि हात्तीले हरेक राति विध्वंश मच्चाइरहेको स्थानीय सुरेन्द्र पटेलले जानकारी दिए। केही दिनयता गाउँका बासिन्दा हात्तीका कारण रातभर जाग्रम गर्न बाध्य भएका पटेलले बताए। हात्ती आउने तथा प्रभावित क्षेत्रमा पोलपोलमा बत्ती र चोकचोकमा आगोको व्यवस्था, हात्ती नियन्त्रणका लागि नियमित गस्ती र गस्तीका लागि इन्धनको व्यवस्था, हात्तीले पुऱ्याएको क्षतिको विवरण संकलन गर्ने, क्षति पुगेका घर तथा किसानलाई राहतको व्यवस्था गर्ने, घाइते भएकालाई तत्काल उद्धारका लागि एम्बुलेन्स खरिद गर्नेलगायतका निर्णयहरू गरेको डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तकुमार साहले जानकारी दिए।

संघीय सांसद देवप्रसाद तिमल्सिना र प्रदेशसभा सदस्य युवराज भट्टराईले हात्ती व्यवस्थापनका लागि संघीय तथा प्रदेशस्तरबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए। प्रभावित क्षेत्रका किसान र स्थानीय बासिन्दालाई राहत तथा उद्धारमा सरकारका तर्फबाट भरपर्दो सहयोग पुऱ्याउने उनीहरूले आश्वासन दिए। बर्सेनि हात्तीको समूह रौतहटको गैँडाटार, जुडिबेला, पौराई, चन्द्रनिगाहपुर, गुजराको चोचा, मैरा, जङ्गलसहिया गाउँहरू, वृन्दावनको बलरी, फतुवा बिजयपुर नपाको रागी बुटुवालगायत गाउँहरूमा पस्ने गरेका छन्। गत वर्ष मात्रै हात्तीको आक्रमणबाट चन्द्रपुरका घाँस, दाउरा गर्न गएका दुई महिलाले ज्यान गुमाएका थिए। हात्ती आतङ्कले गर्दा यहाँका बासिन्दा घाँस दाउरा गर्न जङ्गल जान समेत छाडेका छन्।

यसैबिच रौतहटको दक्षिणी भेगतर्फ नीलगाई र बँदेलले किसानहरूको बालीमा क्षति पुऱ्याएको छ। केही वर्षदेखि जिल्लाको कटहरिया, देबाही, लालबकैया, विजयपुर, मौलापुरका किसानका नदी किनारका खेतमा लगाइएको मकै, धान, उखु, आलु, गहुँ, केरा, धनियाँलगायत बालीमा निलगाईले क्षति पुऱ्याउँदै आएको छ। लालबकैया नदीको दुवै किनारमा रहेका खरघारी र उखुबारीको आडमा लुकेर ठुलो संख्यामा नीलगाई र बँदेल बस्छन्। दिउँसो बाहिर निस्केर बालीमा चर्छन्। स्थानीयहरू वन्यजन्तुबाट बाली जोगाउन खेत नजिक र नदी छेउमा मचान बनाएर बस्न थालेका छन्। वन्यजन्तु नियन्त्रण गर्न कसैले पनि चासो नदिँदा आफूहरूको बाली जोखिममा परेको किसानहरूयको गुनासो छ।

# तलब नपाएका शिक्षकले साँचो बुझाएपछि...




वीरगन्ज, १५ माघ। तलब नपाएको भन्दै आन्दोलित शिक्षकहरूले विद्यालयको साँचो प्रमुख जिल्ला अधिकारीलाई बुझाएपछि नौ दिनदेखि पर्साको बहुदरमाईका सामुदायिक विद्यालयमा पढाइ ठप्प भएको छ। सात महिनादेखि तलब नपाएकाले जीविकोपार्जनमै कठिनाइ भएको भन्दै गत माघ ६ देखि बहुदरमाई नगरपालिका मातहातका २० वटा सामुदायिक विद्यालयका शिक्षकले विद्यालय बन्द गरी साँचो प्रजिअ गणेश अर्याललाई बुझाएका हुन्।

विद्यालय बन्द गरेको नवौं दिन बित्दा पनि समस्या समाधान भएको छैन। शिक्षकले नियमित तलब नपाउँदा विद्यालयको शैक्षिक गतिविधि बिग्रिएको भन्दै विद्यार्थीको समूहले गत पुस ५ मा बहुदरमाई नगरपालिकाको कार्यालयमा तोडफोड तथा आगजनी गरेका थिए। तोडफोड तथा आगजनीमा करिब एक करोड रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको थियो। चालु आर्थिक वर्षको साउनदेखि हालसम्म शिक्षक, कर्मचारी र स्वास्थ्यकर्मीले तलब पाएका छैनन्। नगरसभामा नीति, कार्यक्रम तथा बजेट प्रस्तुत भए पनि नगर प्रमुख सिंघासन साह तेलीले त्यसलाई प्रमाणीकरण नगर्दा बजेट निकासा भएको छैन। गत कात्तिक ८ मा बहुदरमाई नगरपालिकाको बजेट प्रस्तुत भएको थियो।

नेपाल शिक्षक महासंघ पर्साका अध्यक्ष तीर्थराज यादवका अनुसार पटक–पटक माग गर्दा पनि सुनुवाइ नभएपछि बाध्य भएर विद्यालयको साँचो बुझाउनु परेको थियो। 'विद्यालय बन्द भएको नवौं दिन बित्दा पनि समस्या समाधानतर्फ सरोकारवाला पक्ष अग्रसर भएका छैनन्,' उनले भने, 'स्थिति झन् विकराल बन्दै गएको छ।'

### *नेपालमा पाठेघरको...*

आर्थिक वर्ष २०८०/०८१ मा सात वटै प्रदेशका १० हजार बालिकालाई एचपीभी खोप लगाइएको थियो। विश्व स्वास्थ्य संगठनकाअनुसार महिलामा हुने क्यान्सरमध्येमा पाठेघरको मुखमा हुने क्यान्सर चौथो मुख्य क्यान्सरको रुपमा देखिएको छ। विश्वमा हरेक वर्ष पाँच लाख ७० हजार महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ भने यो रोगबाट हरेक वर्ष तीन लाख ११ हजार (५५ प्रतिशत) महिलाको मृत्यु हुने गरेको छ।

# वास क्षेत्रमा अधिकतम लगानी बढाउन मन्त्री यादवको अपिल

काठमाडौं, १५ माघ। खानेपानी मन्त्री प्रदीप यादवले सबै नेपालीको घरमा स्वच्छ खानेपानी र सुरक्षित सरसफाइ पुर्याउने अभियान सफल बनाउने साझा लक्ष्य पुरा गर्न विकास साझेदार संस्थासँग छलफल गरि 'वास' क्षेत्रमा अधिकतम् लगानी बढाउन अपिल गरेका छन्। त्यसका लागि उनले संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए। मंगलबार खानेपानी तथा सरसफाइ नियमावली, २०८१ को कार्यान्वयन तथा क्षेत्रगत लक्ष्य प्राप्तिका लागि भावी कार्यदिशा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री यादवले साझा लक्ष्य पुरा गर्न विकास साझेदारसँग वाश क्षेत्रमा अधिकतम लगानी गर्न अनुरोध समेत गरे।

संविधानले स्वच्छ खानेपानी र सरसफाइको पहुँचलाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको भन्दै उनले वि.सं २०७९ मा आएको खानेपानी तथा सरसफाइ ऐनको निरन्तरता स्वरूप २०८१ माघ १० गते खानेपानी तथा सरसफाइ नियमावली, २०८१ पनि कार्यान्वयनमा आइसकेको बताए। खानेपानी तथा सरसफाइ क्षेत्रमा बजेट घट्दो क्रममा रहेको र सन् २०३० सम्म सबैको पहुँचमा स्वच्छ खानेपानी र सुरक्षित सरसफाइ पुर्याउने दीगो विकास लक्ष्य हासिल गर्न चुनौती रहेको बताए।

### *नागरिकतामा ...*

"५ (क) कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रमा बाबुको नाम उल्लेख भए तापनि निजको बाबुको अन्य पहिचान नखुलेको र हाल सम्पर्कमा नरहेको भनी निजले स्वःघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान नभएको मानिनेछ र निजले उपदफा (५) बमोजिम वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ," सरकारले ल्याएको विधेयकको दफा २ मा भनिएको छ।

# मधेसवादी दलको बिचमा सहकार्यका लागि साझा दस्ताबेज बनाउने सहमति

काठमाडौँ, १५ माघ। मधेसवादी दलहरूको बिचमा सहकार्यका लागि साझा दस्ताबेज बनाउने सहमति भएको छ। सहकार्यका लागि कस्तो मोर्चा बनाउने, त्यसको अवधारणा कस्तो हुनेलगायतका विषय समेटेर साझा दस्ताबेज बनाउने सहमति भएको राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता एवं वार्ता समितिका सदस्य सन्तोष मेहताले बताए। दस्ताबेज बनाउनका लागि सबै दलबाट एक–एक जना राखेर एउटा कार्यदल बनाउने र सो कार्यदलले दस्ताबेज तयार गर्ने सहमति भएको छ। मधेसवादी दलहरूले आआफ्नो पार्टीमा गठन गरेको वार्ता समितिको संयुक्त बैठक हिजो बसेको थियो। बैठकमा जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी, तराई मधेस लोकतान्त्रिक पार्टी र जनता प्रगतिशील पार्टीको उपस्थिति



थियो।

लोसपाले पार्टीका सहअध्यक्ष सर्वेन्द्रनाथ शुक्लाको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ भने जसपा नेपालले उपाध्यक्ष राजकिशोर यादव, जसपाले वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ, जनमत पार्टीले उपाध्यक्ष अब्दुल खान, तमलोपाले वरिष्ठ नेता डा.विजय सिंह, राष्ट्रिय मुक्ति पार्टी नेपालले नेता राम नरेश यादव र जनता प्रगतिशील पार्टीले उपाध्यक्ष डा.शिवजी यादवको नेतृत्वमा वार्ता समिति गठन गरिसकेको छ। हालसम्म नागरिक उन्मुक्ति पार्टी गठन गरेको छैन। यी वार्ता समितिहरूको संयुक्त बैठक औपचारिक रूपमा तीन पटक बसिसकेको छ। दलहरूको बिचमा सहकार्य गर्ने सहमति भइसकेको छ। तर कुन मोडेलमा गर्ने भनी कुरा टुंगो लगाउन बाँकी छ। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा बनाएर त्यसमा अन्य दललाई पनि सहभागी गराउन सकिन्छ अथवा कुनै गठबन्धन बनाएर पनि अगाडि बढ्न सकिने विषयमा आन्तरिक रूपमा छलफल चलिरहेको छ।

सहकार्य गर्ने विषयमा सबै दल सहमत छन् तर कुन मोडालिटीमा सहकार्य गर्ने त्यसको विषयमा पार्टीका अध्यक्षहरूको बिचमा छलफल भई टुङ्गो लगाइने बताइएको छ। साझा दस्ताबेज बनाइसकेपछि त्यसमाथि आठ वटै पाटीका अध्यक्षहरू छलफल गरेर अन्तिम रूप दिने बताइएको छ। सत्ताधारी दल कांग्रेस र एमालेले संविधान संशोधन गर्ने सहमति गरेसँगै थ्रेसहोल्ड र समानुपातिक निर्वाचन प्रणालीको विषय पनि चर्चामा आएको छ। काँग्रेस र एमालेले संविधान संशोधन गरेर थ्रेसहोल्डको प्रतिशत बढाउने तथा समानुपातिक निर्वाचन प्रणाली नै हटाउने कुरा बाहिर आएपछि मधेस केन्द्रित दलहरूले त्यसमा आपत्ति जनाउँदै त्यसको विरुद्धमा आन्दोलन गर्ने चेतावनीसहितको तयारीमा जुटेका हुन्।

तर सत्ताधारी दल काँग्रेस र एमालेका कुनै पनि नेताहरूले संविधान संशोधन गरेर थ्रेसहोल्ड बढाउने तथा समानुपातिक निर्वाचन प्रणाली हटाउने कुरा गरेका छैनन्। हिजो बसेको सत्ताधारी दलहरूको बैठकमा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले थ्रेसहोल्डको विषयमा एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा अरुोली समक्ष जिज्ञासा राखेका थिए। त्यसको जवाफमा प्रधानमन्त्री ओलीले त्यसको बारेमा केही चर्चा नभएको बताएका थिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)